"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

पत्र संख्या: २०७६/०७७

चलानी नः ४०९२

मिति २०७७।०२।२९

**विषय: IEMIS अद्यावधिक गर्ने सम्बन्धमा।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु, (पूर्व प्राथमिक विद्यालयहरु समेत)
महालक्ष्मी नगरपालिका, ललितपुर।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं २६१ मिति २०७७।०२।२५ को पत्रानुसार यस नगरपालिका भित्रका सबै विद्यालयहरुले भौतिक दुरी कायम तथा अन्य सुरक्षाका उपायहरु अपनाई तपशीलमा उल्लेखित प्रक्रिया बमोजिम IEMIS अद्यावधिक गर्नुहुन अनुरोध छ।

**तपशील**

१. iemis.doe.gov.np लग इन गरी School ID / Password राखी खोल्ने।
२. View excel मा Click गरी Download गरेर Offline मा काम गर्ने।
३. File Update गर्दा Set Year 2077 गर्ने।
४. शैक्षिक सत्र २०७६ को कक्षा १० र १२ बाहेक अन्य कक्षागत विद्यार्थीको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, वार्षिक हाजिरी दिन आदि विवरणहरु ) अद्यावधिक गर्ने।
५. शैक्षिक सत्र २०७६ को कक्षागत परीक्षा र विद्यार्थीको प्राप्ताङ्क विवरणको इन्ट्री र अद्यावधिक गर्ने।
६. शैक्षिक सत्र २०७६ को कक्षागत छात्रवृत्तिको विवरण अद्यावधिक गर्ने।
७. हाल विद्यालयमा रहेको अभिलेख अनुसार सबै प्रकारका शिक्षक तथा कर्मचारीहरु, भौतिक अवस्था र विविधमा रहेको अन्य विवरणहरुको पूर्ण अद्यावधिक गर्ने।
८. आफ्नो विद्यालयको विवरण पूर्ण रुपमा भरी File Save गरेर सुरक्षित राख्ने।
९. यति कार्य सक्दा तथ्याङ्क अद्यावधिकको कार्य लगभग ९०% सकिने हुनाले शैक्षिक सत्र २०७७ को नयाँ भर्ना खुले पछि भर्ना भएका विद्यार्थीहरुलाई Add गरेर Upload गरे पुग्छ।
१०. तथ्याङ्क Upload गर्नु पूर्व **'यस विद्यालयले IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरु विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रुपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछौ। सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कार्यवाही सहुँला बुझाउँला'** भन्ने व्यहोराको पत्र यस कार्यालयमा पठाउने।
११. मिति २०७७।०३।१५ पश्चात File upload गर्ने।

..........................
रामबन्धु सुवेदी
प्रमुख शिक्षा अधिकृत

**बोधार्थ:**
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक सुचना व्यवस्थापन शाखा, सानोठिमी भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ , कनिवहाल ललितपुर।

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np